# रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७८।१२।१०

रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "एक्टिभिटी" भन्नाले रेडियोधर्मी पदार्थमा भएको परमाणुको एक सेकेण्डमा हुने क्षयीकरण सङ्ख्या सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले नियम २५ बमोजिमको क्षतिपूर्ति कोष सम्झनु पर्छ ।

(घ) "चिकित्सकीय संसर्ग (मेडिकल एक्सपोजर)" भन्नाले विकिरणको प्रयोग गरी निदानात्मक वा उपचारात्मक कार्य गर्दा बिरामी वा बिरामीको सहयोगीमा हुने संसर्ग वा त्यस्तो व्यक्तिले प्राप्त गर्ने विकिरणको मात्रा सम्झनु पर्छ।

(ङ) "डिके" भन्नाले परमाणुको अस्थिर न्यूक्लियसबाट विकिरण उत्सर्जन हुने प्रक्रिया सम्झनु पर्छ ।

(च) "पेशाकर्मीमा हुने संसर्ग (अकुपेशनल एक्सपोजर)" भन्नाले कुनै रेडियोधर्मी स्रोतबाट विकिरण सम्बद्ध कर्मचारी (रेडियसन वर्कर्स) मा संसर्ग हुने वा त्यस्तो कर्मचारीले प्राप्त गर्ने विकिरणको मात्रा सम्झनु पर्छ।

(छ) "रेडियोन्यूक्लाईड्" भन्नाले विकिरण उत्सर्जन गरी अस्थिर अवस्थाबाट तुलनात्मक रूपमा स्थिर अवस्थामा परिणत हुने परमाणु सम्झनु पर्छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ज) "विकिरणको मात्रा (रेडियसन डोज) को सीमा" भन्नाले विकिरणको संसर्ग हुने अवस्थामा कुनै व्यक्तिको लागि निर्धारण गरिएको अधिकतम विकिरणको मात्राको सीमा सम्झनु पर्छ।

(झ) "विकिरण सम्बद्ध कर्मचारी (रेडियसन वर्कर्स)" भन्नाले रेडियोधर्मी स्रोतसँग सम्बन्धित कार्यमा संलग्न विकिरण संरक्षण अधिकारीले प्रमाणित गरेको कर्मचारी वा व्यक्ति सम्झनु पर्छ।

(ञ) "सर्वसाधारणमा हुने संसर्ग (पब्लिक एक्सपोजर)" भन्नाले चिकित्सकीय संसर्ग र पेशाकर्मीमा हुने संसर्ग बाहेक रेडियोधर्मी स्रोतबाट सर्वसाधारणमा हुने संसर्ग वा सर्वसाधारणले प्राप्त गर्ने विकिरणको मात्रा सम्झनु पर्छ ।

(ट) "हाफ लाईफ" भन्नाले कुनै रेडियोधर्मी पदार्थमा भएका परमाणुहरुमध्ये आधा परमाणुहरु क्षयीकरण हुन लाग्ने समय अवधि सम्झनु पर्छ ।

परिच्छेद -२

**<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>**

३. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u>** ऐनको दफा ७ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) ऐनको दफा ५६ को प्रयोजनका लागि कुनै खास रेडियोधर्मी पदार्थ वा सोसँग सम्बन्धित अभ्यास वा क्रियाकलाप सञ्चालन गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ख) कुनै रेडियोधर्मी पदार्थ वा स्रोतको अभ्यास, क्रियाकलाप वा संयन्त्र सञ्चालनबाट समुदाय वा वातावरणमा प्रतिकूल असर पुगेको देखिएमा नियमनकारी निकाय र पारमाणविक अनुसन्धान केन्द्रलाई आवश्यक निर्देशन दिने।

परिच्छेद -३

**<u>इजाजतपत्र सम्बन्धी व्यवस्था</u>**

४. **<u>इजाजतपत्रका लागि निवेदन दिनुपर्ने:</u>** (१) ऐनको दफा ९ को उपदफा (२) बमोजिम रेडियोधर्मी स्रोतसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र सञ्चालन गर्न चाहने संस्थाले देहायका विवरण तथा कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा नियमनकारी निकायमा निवेदन दिनु पर्नेछ:-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) संस्थाको दर्ता प्रमाणपत्र, रेडियोधर्मी स्रोतसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र सञ्चालन गर्ने उद्देश्य खुलेको प्रबन्धपत्र र नियमावली वा विधानको प्रतिलिपि,

(ख) रेडियोधर्मी स्रोतको प्रकार, परिमाण, एक्टिभिटी, आयात गरिने स्थान, उत्पादन, निर्यात गर्ने संस्थाको नाम, ठेगाना, नेपालमा प्राप्त हुने समय अवधि तथा स्थान सहितको विस्तृत विवरण,

(ग) रेडियोधर्मी स्रोतसँग सम्बन्धित अभ्यास वा क्रियाकलाप सञ्चालनको लागि आवश्यक पूर्वाधार, विसर्जनको विषय तथा विपद् पूर्वतयारी तथा विपद् व्यवस्थापन समेत समेटिएको विस्तृत कार्ययोजना,

(घ) उपनियम (३) बमोजिमको संस्थाको प्राविधिक र व्यवसायिक क्षमता देखिने विवरण।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा एकभन्दा बढी रेडियोधर्मी स्रोतसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र सञ्चालनको इजाजतपत्रको लागि छुट्टाछुट्टै निवेदन दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम इजाजतपत्रको लागि निवेदन दिँदा संस्थाको प्राविधिक र व्यवसायिक क्षमता खुल्ने देहाय बमोजिमको विवरण संलग्न गर्नु पर्नेछः-

(क) रेडियोधर्मी स्रोत र सोसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र सञ्चालन सम्बन्धी कम्तीमा एक वर्षको अनुभव प्राप्त गरेको वा इजाजतपत्रको अवधिभर प्राविधिक सेवा उपलब्ध हुने गरी सम्बन्धित विशेषज्ञको सुनिश्चितता भएको,

(ख) देहायको संस्थाको देहाय बमोजिमको चुक्तापूँजी भएको:-

(१) रेडियो थेरापी, इराडिएटर (सिजिएम-१३७, कोबाल्ट-६०), औद्योगिक रेडियोग्राफी (रेडियोधर्मी पदार्थ) र साईक्लोट्रोन तथा पेट सिटी स्क्यान सेवा सञ्चालन गर्ने संस्थाको लागि दश करोड रुपैयाँ,

(२) डाईगोनोष्टिक रेडियोलोजी एवं न्यूक्लियर मेडिसिन (गामा क्यामेरा), बोन डेन्सिटोमेट्री तथा डोजीमेट्री सेवा सञ्चालन गर्ने संस्थाको लागि तीस लाख रुपैयाँ,

(३) अध्ययन अनुसन्धान (न्यून तथा ज्यादै न्यून एक्टिभिटी भएका रेडियोधर्मी) गर्ने संस्थाको लागि दश लाख रुपैयाँ।

(ग) नियमनकारी निकायले निर्धारण गरेको मापदण्डबमोजिम रेडियोधर्मी स्रोतसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र सुरक्षित रूपमा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सञ्चालन गर्न सक्ने भौतिक संरचना, प्राविधिक तथा दक्ष जनशक्ति रहेको।

५. **इजाजतपत्र जारी गरिने:** (१) नियम ४ बमोजिम परेको निवेदनउपर आवश्यक जाँचबुझ गर्दा निवेदकसँग थप जानकारी वा विवरण माग गर्नु पर्ने देखिएमा नियमनकारी निकायले पन्ध्र दिनको म्याद दिई त्यस्तो निवेदकलाई जानकारी वा विवरण पेश गर्न सूचना दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जानकारी वा विवरण माग गरेमा त्यस्तो निवेदकले उल्लिखित म्यादभित्रै मागबमोजिमको जानकारी वा विवरण नियमनकारी निकायसमक्ष पेश गर्नु पर्नेछ ।

(३) नियम ४ बमोजिमको निवेदनसाथ संलग्न विवरण तथा कागजात वा उपनियम (२) बमोजिम प्राप्त थप जानकारी वा विवरण समेत जाँचबुझ गर्दा इजाजतपत्र जारी गर्न उपयुक्त हुने देखेमा निवेदकलाई अनुसूची-२ बमोजिमको धरौटी, इजाजतपत्र दस्तुर र ऐनको दफा ३२ को उपदफा (७) बमोजिमको कोषमा सहभागिताको रूपमा इजाजतपत्र दस्तुरको दश प्रतिशतले हुन आउने रकम समेत नियमनकारी निकायले तोकेको बैङ्क खातामा दाखिला गर्न जानकारी गराउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको रकम दाखिला भई सोको निस्सा पेश भएपछि नियमनकारी निकायले अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र जारी गर्नेछ ।

६. **अभ्यास वा क्रियाकलाप सञ्चालन गर्नुपर्ने:** (१) इजाजतपत्रवालाले इजाजतपत्र प्राप्त गरेको मितिले तीन महिनाभित्र रेडियोधर्मी स्रोत र सोसँग सम्बन्धित अभ्यास वा क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभ्यास वा क्रियाकलाप सञ्चालन गर्नुपूर्व इजाजतपत्रवालाले विकिरण सर्भे तथा उपकरणको जाँच गरेको प्रतिवेदन सहितको लिखित जानकारी नियमनकारी निकायलाई दिनु पर्नेछ।

७. **इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरू:** इजाजतपत्रवालाले देहाय बमोजिमका शर्तहरू पालना गर्नु पर्नेछः-

(क) यस नियमावली बमोजिम नियमनकारी निकायमा पेश गर्नुपर्ने विवरण, प्रतिवेदन र सूचना सो निकायले तोकेको अवधिभित्र पेश गर्नुपर्ने,

(ख) नियमनकारी निकायले समय समयमा दिएका निर्देशनको पालना गर्नुपर्ने,

(ग) मन्त्रालय वा नियमनकारी निकायबाट जारी हुने मापदण्ड, कार्यविधि र निर्देशिकाको पालना गर्नुपर्ने,

(घ) नियमनकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेका शर्त तथा मापदण्ड पालना गर्नुपर्ने।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

८. **इजाजतपत्र परित्याग गर्न सक्ने:** (१) इजाजतपत्रवालाले ऐनको दफा १३ बमोजिम इजाजतपत्र परित्याग गर्न चाहेमा अनुसूची-४ बमोजिमको ढाँचामा नियमनकारी निकायसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर आवश्यक छानबिन तथा निरीक्षण गर्दा स्वीकृति दिन उपयुक्त देखिएमा नियमनकारी निकायले ऐनको दफा १३ को उपदफा (२) को अधीनमा रही इजाजतपत्र परित्यागको स्वीकृति दिनेछ ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र परित्यागको स्वीकृति प्राप्त गरेको कारणले त्यस्तो इजाजतपत्रवालाले ऐन तथा यस नियमावली बमोजिम पूरा गर्नुपर्ने दायित्वबाट छुटकारा पाउने छैन।

९. **इजाजतपत्रको अवधि र नवीकरण:** (१) देहायका रेडियोधर्मी स्रोत र सोसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र सञ्चालन सम्बन्धी इजाजतपत्रको अवधि देहाय बमोजिम हुनेछः-

(क) रेडियो थेरापी (कोबाल्ट ६०, प्रोटोन, कार्बन, न्यूट्रोन, गामा नाईफ), ब्लड ईराडियटर (सिजियम १३७), फुड ईराडियटर (कोबाल्ट ६०), रेडियो थेरापी (हाईडोज रेट ब्राकिथेरापी, लिनियर एक्सलेरेटर, साईबर नाईफ, आयोडिन थेरापी) ईन्ड्रस्ट्रियल रेडियोग्राफी, न्यूक्लियर मेडिसिन हाईब्रिड ईमेजिङ (पेट सिटी, पेट एम.आर.आई, गामा क्यामरा), साईक्लोट्रोन, औद्योगिक रेडियोग्राफी (रेडियोधर्मी पदार्थ), डायगोनोष्टिक रेडियोलोजी (कम्प्युटेट टोमोग्राफी, फ्लोरोस्कोपी, मेमोग्राम,) रेडियोथेरापी (कम्प्युटेट टोमोग्राफी सिम्युलेटर) को दुई वर्ष,

(ख) निदानको लागि प्रयोग हुने एक्स रे, ईन्डष्ट्रियल एक्स रे, डेण्टल एक्स रे, बोन डेन्सिटोमेट्री, डोजीमेट्री, अध्ययन तथा अनुसन्धान (क्याटगोरी ४ र ५ का रेडियोधर्मी पदार्थ प्रयोग हुने), रेडियोधर्मी पदार्थ ढुवानी सेवा, रेडिएसन स्रोतको आयात, रेडियोधर्मी फोहोरमैलाको विर्सजनको पाँच वर्ष ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले इजाजतपत्रको बहाल अवधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै अनुसूची-२ बमोजिमको नवीकरण दस्तुर र ऐनको दफा ३२ को उपदफा (७) बमोजिमको कोषमा सहभागिताको रूपमा इजाजतपत्रको नवीकरण दस्तुरको दश प्रतिशतले हुन आउने रकम समेत नियमनकारी निकायमा बुझाई अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिँदा इजाजतपत्रवालाले देहायका विवरण समेत पेश गर्नु पर्नेछ: -

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) विकिरण सम्बद्ध कर्मचारीको विकिरणको संसर्ग अवस्थाको अद्यावधिक विवरण,

(ख) विकिरण सुरक्षा विश्लेषण प्रतिवेदन,

(ग) रेडियोधर्मी स्रोतको अद्यावधिक विवरण,

(घ) विकिरण उपकरणको क्यालिब्रेसन प्रतिवेदन,

(ङ) रेडियोधर्मी स्रोतको प्रयोग पश्चात त्यस्तो स्रोतको व्यवस्थापन सुनिश्चितता,

(च) नियमनकारी निकायले तोकेबमोजिम रेडियोधर्मी स्रोतसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र र सोबाट हुन सक्ने हानि नोक्सानीसँग सम्बन्धित बिमाको विवरण,

(छ) नियमनकारी निकायले माग गरेबमोजिमका अन्य विवरण ।

(४) उपनियम (२) बमोजिम निवेदन प्राप्त हुन आएमा नियमनकारी निकायले इजाजतपत्रको वहाल अवधि समाप्त हुनुभन्दा अगावै इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

१०. **<u>धरौटी रकम जफत वा फिर्ता:</u>** (१) नियमनकारी निकायले ऐनको दफा १७ को उपदफा (१) बमोजिम कुनै इजाजतपत्र खारेज गरेमा त्यस्तो इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले नियम ५ बमोजिम इजाजतपत्र लिँदा दाखिल गरेको धरौटी रकम जफत गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रवालाले ऐनको दफा १३ बमोजिम इजाजतपत्र परित्याग गरी इजाजतपत्र खारेज भएकोमा नियमनकारी निकायले नियम ५ बमोजिम दाखिल गरेको धरौटी रकम त्यस्तो इजाजतपत्रवालालाई फिर्ता दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम धरौटी फिर्ता पाउनको लागि इजाजतपत्रवालाले नियमनकारी निकायसमक्ष निवेदन दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम निवेदन पर्न आएमा नियमनकारी निकायले धरौटी फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद-४

## <u>अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था</u>

११. **<u>निरीक्षक तोक्न वा खटाउन सक्ने:</u>** (१) नियमनकारी निकायले ऐनको दफा २२ को उपदफा (२) बमोजिम नियमित रूपमा अनुगमन तथा निरीक्षण गर्नको लागि नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणी वा सोभन्दा माथिल्लो कर्मचारी वा विषयसँग सम्बन्धित विज्ञलाई निरीक्षकको रूपमा तोक्न वा खटाउन सक्नेछ ।

(२) नियमनकारी निकायबाट उपनियम (१) बमोजिम तोकिने वा खटाइने निरीक्षकले देहायका योग्यता र तालीम पूरा गरेको हुनु पर्नेछ:-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) परमाणु विज्ञान वा परमाणु ईञ्जिनियरिङ्ग विषय लिई कम्तीमा स्नातक तह उत्तीर्ण गरेको, वा

(ख) विज्ञान वा ईञ्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी आयोनिकरण गर्ने विकिरणको प्रयोग, संरक्षण तथा सुरक्षा सम्बन्धमा नियमनकारी निकायले निर्धारण गरे बमोजिमको कम्तीमा एक महिनाको तालीम प्राप्त गरेको ।

१२. **निरीक्षण प्रतिवेदन:** निरीक्षकले ऐनको दफा २२ को उपदफा (८) बमोजिम नियमनकारी निकायमा निरीक्षण प्रतिवेदन पेश गर्दा त्यस्तो प्रतिवेदनमा देहायका विवरण समेत उल्लेख गर्नु पर्नेछः-

(क) इजाजतपत्रवालालाई दिएको आदेशको विवरण,

(ख) विकिरणबाट सुरक्षाको अवस्था,

(ग) रेडियोधर्मी पदार्थको सुरक्षा अवस्था,

(घ) विकिरण सम्बद्ध कर्मचारीको सुरक्षा अवस्था,

(ङ) इजाजतपत्रवालाले रेडियोधर्मी स्रोतसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र सम्बन्धी कार्य गर्दा सुधार गर्नुपर्ने भए सोसम्बन्धी विषय।

## परिच्छेद-५

## रेडियोधर्मी स्रोत वा पदार्थको वर्गीकरण, सुरक्षा र संरक्षण सम्बन्धी व्यवस्था

१३. **रेडियोधर्मी स्रोत वा पदार्थको वर्गीकरण**: (१) नियमनकारी निकायले ऐनको दफा २३ को उपदफा (२) बमोजिम रेडियोधर्मी स्रोत वा पदार्थको वर्गीकरण गर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिने रेडियोधर्मी स्रोत वा पदार्थको वर्गीकरण अनुसूची-६ मा उल्लेख भएबमोजिम हुनेछ।

१४. **अभिलेख राख्नुपर्ने:** (१) नियमनकारी निकायले ऐनको दफा २४ बमोजिम रेडियोधर्मी स्रोतको देहायबमोजिम अभिलेख राख्नु पर्नेछः-

(क) रेडियोधर्मी स्रोतको प्रकार, परिमाण, उत्पादक तथा प्रयोग गर्ने संस्थाको विवरण,

(ख) जारी गरेको इजाजतपत्रको विवरण,

(ग) रेडियोधर्मी स्रोतको प्रयोग गर्न सकिने अवधि, त्यस्तो स्रोतको फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रक्रिया र विधि,

(घ) आवश्यक अन्य विवरण ।

(२) इजाजतपत्रवालाले देहायबमोजिमको अभिलेख राख्नु पर्नेछः-

(क) रेडियोधर्मी स्रोतको प्रकार, परिमाण तथा प्रयोगको मासिक र वार्षिक विवरण,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) रेडियोधर्मी स्रोतको बिक्री, स्थानान्तरण, विसर्जन, डिकेको विवरण,

(ग) रेडियोधर्मी स्रोतको प्रयोग वा संरक्षणमा संलग्न विकिरण सम्बद्ध कर्मचारीको नाम, ठेगाना, पद, योग्यता,

(घ) रेडियोधर्मी स्रोतको उपयोगबाट प्रत्येक व्यक्तिले प्राप्त गरेको विकिरणको मात्राको अद्यावधिक विवरण,

(ङ) नियमनकारी निकायले तोकेको अन्य विवरण।

१५. **रेडियोधर्मी स्रोतको सुरक्षा र संरक्षण:** (१) इजाजतपत्रवालाले ऐनको दफा २५ बमोजिम रेडियोधर्मी स्रोतको सुरक्षा र संरक्षणका लागि दक्ष र तालीम प्राप्त जनशक्तिको व्यवस्था गरी त्यस्तो जनशक्तिलाई कार्य जिम्मेवारी र दायित्व तोक्नु पर्नेछ।

(२) इजाजतपत्रवालाले रेडियोधर्मी स्रोतको भौतिक संरक्षण सम्बन्धी आवश्यक योजना तयार गरी त्यसको कार्यान्वयन गर्नु पर्नेछ र सोको जानकारी नियमनकारी निकायलाई गराउनु पर्नेछ।

(३) इजाजतपत्रवालाले रेडियोधर्मी पदार्थको संरक्षणका लागि रेडियोधर्मी पदार्थ भएको स्थान र सोको विवरण, एक्टिभिटी र त्यस्तो स्रोतको संरक्षणको लागि खटिएको जिम्मेवार व्यक्तिको नाम, थर, पद र ठेगाना उल्लेख गरी राख्नु पर्नेछ ।

(४) नियम १३ बमोजिमको वर्गीकरणको आधारमा इजाजतपत्रवालाले रेडियोधर्मी पदार्थको सुरक्षा तथा संरक्षणको व्यवस्था देहायबमोजिम मिलाउनु पर्नेछः-

(क) ज्यादै उच्च एक्टिभिटी भएकोलाई अति उच्चस्तर,

(ख) उच्च एक्टिभिटी भएकोलाई उच्चस्तर,

(ग) मध्यम एक्टिभिटी भएकोलाई मध्यमस्तर,

(घ) न्यून एक्टिभिटी भएको र ज्यादै न्यून एक्टिभिटी भएकोलाई सामान्यस्तर।

(५) उपनियम (४) बमोजिमको सुरक्षा तथा संरक्षणको मापदण्ड नियमनकारी निकायले निर्धारण गरेबमोजिम हुनेछ।

(६) रेडियोधर्मी स्रोतको संरक्षणमा बाधा पुग्ने संवेदनशील सूचना प्राप्त भएमा इजाजतपत्रवालाले तत्काल नियमनकारी निकायलाई जानकारी गराई संरक्षणका लागि देहायबमोजिमका अन्य उपायहरुसमेत अवलम्बन गर्नु पर्नेछः-

(क) रेडियोधर्मी स्रोत प्रयोगमा रहेको भए तत्कालै सुरक्षित स्थानमा फिर्ता गर्ने,

(ख) चौबिसै घण्टा निगरानी गर्ने,

(ग) भौतिक सुरक्षा योजना तथा विपद् व्यवस्थापन योजना अनुसारको कार्य गर्ने।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(७) नियमनकारी निकायले बिमा गर्नुपर्ने भनी तोकेको रेडियोधर्मी स्रोत र सोसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्रको इजाजतपत्रवालाले बिमा गर्नु पर्नेछ।

१६. **<u>रेडियो न्यूक्लाईड्सको मिसावट (कन्टामिनेसन) गर्न नहुने:</u>** (१) कुनै धातु वा वस्तुको उत्पादन, सञ्चय, बिक्री, आयात वा निर्यात गर्दा ऐनको दफा २८ तथा नियम १७ बमोजिम नियमन गर्नु नपर्ने अवस्थामा बाहेक त्यस्तो वस्तुको निर्धारित ब्याकग्राउण्ड विकिरणको मात्राभन्दा बढी हुने गरी गर्न पाइने छैन ।

(२) आयातकर्ताले जर्ति धातु (स्कार्प मेटल) वा प्रशोधित धातुका वस्तुहरु आयात गर्दा जुन देशबाट आयात गरिएको हो सोही देश वा त्यस्तो देशले मान्यता दिएको विकिरणको मात्रा उल्लेख भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(३) आयातकर्ताले आयात गरेको कन्टेनरमा व्याकग्राउण्ड लेभलभन्दा बढी विकिरण मात्रा भेटिएमा आफ्नै खर्चमा त्यस्तो कन्टेनर वा ढुवानीका साधनलाई आयात गरिएको देशमा नै फिर्ता पठाउनु पर्नेछ ।

(४) खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय, बिक्री, आयात तथा निर्यात गर्दा रेडियो न्यूक्लाईड्सको मात्रा नियमनकारी निकायले निर्धारण गरेको मापदण्ड बमोजिम हुनु पर्नेछ।

## परिच्छेद-६

## <u>विकिरणबाट सुरक्षा तथा संरक्षण सम्बन्धी व्यवस्था</u>

१७. **<u>नियमन गर्नु नपर्ने (एक्जेम्सन) रेडियोधर्मी स्रोत वा अभ्यासको पहिचान:</u>** (१) नियमनकारी निकायले ऐनको दफा २८ को उपदफा (४) बमोजिम रेडियोधर्मी स्रोत सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्रको पहिचान गर्दा देहायको विकिरणको मात्राको आधारमा पहिचान गर्नु पर्नेछ:-

(क) कुनै व्यक्तिमा एक वर्षमा प्राप्त हुने ईफेक्टिभ मात्रा बढीमा पचास माईक्रोसिभर्टसम्म भएमा,

(ख) कुनै अभ्यासको एक वर्षको कलेक्टिभ ईफेक्टिभ मात्रा एक म्यानसिभर्ट भन्दा कम भएमा,

(ग) एजेन्सीले निर्धारण गरे बमोजिमको एक्जेम्सन लेभल भएमा।

(२) देहाय बमोजिमका रेडियोधर्मी स्रोतसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्रको नियमन गर्नु पर्ने छैन:-

(क) पाँच किलो भोल्ट वा सोभन्दा कम भोल्टेज प्रयोग गर्ने उपकरण,

(ख) सामान्य अवस्थामा सञ्चालन गर्दा त्यस्तो उपकरणको सतहबाट दश सेन्टिमिटरको दुरीमा एक माईक्रोसिभर्ट प्रति घन्टाभन्दा बढी डोजरेट नभएको तथा समुदायको सदस्यलाई एक वर्षमा दश माईक्रोसिभर्टभन्दा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बढी मात्रा नदिने रेडियोधर्मी पदार्थ भएका उपकरण वा भिजुवल प्रतिच्छाया देखाउने उद्देश्यले सञ्चालित क्याथोड रे ट्यूब वा तीस किलो भोल्ट भन्दा कम भोल्टेजमा सञ्चालन गरिने विद्युतीय उपकरण,

(ग) खण्ड (ख) मा उल्लिखित बाहेकका सामान्य अवस्थामा कुनै उपकरणको सञ्चालन गर्दा उपकरणको सतहबाट दश सेन्टिमिटरको दुरीमा एक माईक्रोसिभर्ट प्रति घन्टाभन्दा बढी डोजरेट नभएका विद्युतीय उपकरण।

(३) यस नियमबमोजिम नियमन गर्नु नपर्ने रेडियोधर्मी स्रोतसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्रको सूची नियमनकारी निकायले सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो सूची आफ्नो वेभसाइटमा समेत राख्नु पर्नेछ।

१८. **विकिरणको मात्राको सीमाः** चिकित्सकीय संसर्गबाहेक रेडियोधर्मी स्रोत र सोसँग सम्बन्धित अभ्यास, क्रियाकलाप र संयन्त्रबाट हुने संसर्गमा विकिरणको मात्राको अधिकतम सीमा अनुसूची-७ बमोजिम हुनेछ।

१९. **विकिरण सुरक्षा अधिकारी तोक्नु पर्नेः** (१) रेडियोधर्मी स्रोत तथा विकिरणको सुरक्षित प्रयोग र त्यसबाट हुन सक्ने जोखिमबाट सुरक्षा प्रदान गर्ने प्रयोजनको लागि इजाजतपत्रवालाले अनुसूची-८ बमोजिमको योग्यता भएको र तालीम प्राप्त व्यक्तिलाई विकिरण सुरक्षा अधिकारी तोक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम विकिरण सुरक्षा अधिकारी तोकेको जानकारी इजाजतपत्रवालाले नियमनकारी निकायलाई दिनु पर्नेछ।

२०. **विकिरण प्रभाव क्षेत्रको वर्गीकरणः** (१) इजाजतपत्रवालाले विकिरणबाट सुरक्षा गर्न रेडियोधर्मी स्रोत राखिएको वा सोसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र स्थापना गरेको क्षेत्रलाई देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछः-

(क) कन्ट्रोल्ड क्षेत्रः एक वर्षमा छ मिलिसिभर्ट भन्दाबढी मात्रा वा अनुसूची-७ मा उल्लिखित मात्राको दश भागको तीन भाग मात्रा प्राप्त हुने सम्भावना भएको क्षेत्र,

(ख) सुपरभाईज्ड क्षेत्रः एक वर्षमा छ मिलिसिभर्ट मात्रा भन्दा कम तथा अनुसूची-७ मा उल्लिखित मात्राको दश भागको एक भाग मात्रा प्राप्त वा संसर्ग हुने तथा पेशाकर्मीमा हुने संसर्गको मात्राको हकमा विशिष्ट सुरक्षा उपाय तथा सुरक्षा सतर्कताहरु नचाहिने क्षेत्र।

(२) उपनियम (१) बमोजिम वर्गीकरण गरिएको क्षेत्रमा इजाजतपत्रवालाले आवश्यक घेराबार, चेतावनी चिन्ह तथा रेडियोधर्मी स्रोतको अवाञ्छित तथा अनधिकृत क्रियाकलापको पहिचान हुने डिटेक्सन सहितको सुरक्षात्मक उपायको व्यवस्था गर्नु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**स्पष्टीकरण:** यस नियमको प्रयोजनको लागि "डिटेक्सन" भन्नाले रेडियोधर्मी स्रोतको अवाञ्छित तथा अनधिकृत क्रियाकलापको पहिचान गर्ने प्रयोजनको लागि व्यवस्था गरिएको चेतावनी (अलार्म) सहितको सुरक्षात्मक उपाय सम्झनु पर्छ।

(३) उपनियम (१) बमोजिमको क्षेत्रमा इजाजतपत्रवालाले प्रत्येक छ महिनामा विकिरणको सर्भे गरी विवरण राख्नु पर्नेछ ।

२१. **चिकित्सकीय संसर्ग**: (१) इजाजतपत्रवालाले उपचारका लागि चिकित्सकीय संसर्ग गराउँदा देहायका विषय सुनिश्चित गर्नु पर्नेछः-

(क) संसर्गको औचित्यता देखिएको,

(ख) मान्यता प्राप्त चिकित्सकको सिफारिस भएको,

(ग) बिरामीको सुरक्षाको लागि संसर्गको योजना र विकिरण सम्बद्ध कर्मचारीको जिम्मेवारी किटान गरिएको,

(घ) रेडियोलोजिकल उपकरणको जडान र सञ्चालन गर्नु अघि मेडिकल फिजिसिष्टबाट प्रारम्भिक परीक्षण, डोजिमेट्री, क्यालिब्रेसन र गुणस्तर कायम भएको,

(ङ) रेडियोलोजीमा विशेषज्ञता हासिल गरेका चिकित्सक, मेडिकल फिजिसिस्ट, रेडिएसन टेक्नोलोजिस्ट तथा अन्य जनशक्तिको व्यवस्था भएको,

(च) थेरापी सेवा प्रदान गर्नु अघि संयन्त्रको क्यालिब्रेसन तथा प्रमाणीकरण गरिएको,

(छ) रेडियोथेरापीको क्रममा बिरामीको डोजिमेट्रीको व्यवस्था भएको,

(ज) गर्भवती, स्तनपान गराइरहेकी महिला र बालबालिकाको हकमा विशेष सुरक्षात्मक उपायको व्यवस्था गरिएको,

(झ) नियमनकारी निकायले तोकेको रेडियोलोजिकल प्रक्रियाको डायग्नोस्टिक रिफरेन्स लेभलको पालना भएको,

(ञ) रेडियोन्यूक्लाइड्को थेरापी गरेका बिरामी अस्पतालबाट डिस्चार्ज हुँदा रेडियो फर्मास्यूटिकल्स वा रेडियोन्यूक्लाइड्को निर्धारित न्यूनतम सीमाको पालना गरिएको,

(ट) रेडियोलोजिकल उपकरणको स्वरूप, डिजाइन र प्रयोग, सफ्टवेयर तथा मानवीय त्रुटिका कारण हुने अनपेक्षित वा जोखिमको सम्भावनालाई कम गर्ने उपायको अवलम्बन गरिएको,

(ठ) अभ्यास तथा क्रियाकलापको गुणस्तर कायम भएको।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) इजाजतपत्रवालाले चिकित्सकीय संसर्गको क्रममा रेडियसन अप्टिमाईजेसनको (बिरामीको समस्या पहिचानको लागि दिइने विकिरणको अधिकतम मात्रा) लागि देहायबमोजिमको कार्य गर्नु पर्नेछः-

(क) रेडियोलोजिकल उपकरण, रेडियोन्यूक्लाइड्, रेडियो फर्मास्यूटिकल्सको प्रयोग विधिको अवलम्बन,

(ख) गुणस्तरीय ईमेज निकाल्न यथासम्भव कम विकिरण मात्रा प्रयोग,

(ग) गर्भवती, स्तनपान गराइरहेकी महिला र बालबालिकाको लागि विशेष व्यवस्था।

२२. **पेशाकर्मीमा हुने संसर्गको विवरण:** (१) इजाजतपत्रवालाले विकिरण सम्बद्ध व्यक्तिको संसर्गको अद्यावधिक विवरण देहायबमोजिम राख्नु पर्नेछः-

(क) विकिरण सम्बद्ध व्यक्तिको संसर्ग हुने कार्यको प्रकृति, इन्टेक र मात्राको मूल्याङ्कनको आधार,

(ख) संसर्ग हुने स्थानमा काम गरेको अवधि र सो अवस्थामा प्रयोग गरेको मात्रा र ईनटेक,

(ग) दुर्घटना वा आपत्कालीन अवस्थामा प्रयोग गरेको मात्रा तथा ईनटेक।

(२) विकिरण सम्बद्ध व्यक्तिले आफूसँग सम्बन्धित संसर्गको विवरण हेर्न चाहेमा सम्बन्धित इजाजतपत्रवालाले निजलाई त्यस्तो विवरण उपलब्ध गराउनु पर्नेछ ।

(३) इजाजतपत्रवालाले विकिरण सम्बद्ध व्यक्तिको विवरण निजले सेवा छोडेको मितिले तीस वर्षसम्म राख्नु पर्नेछ ।

(४) इजाजतपत्रवालाले पेशाकर्मीमा हुने संसर्गको अवस्थाको मूल्याङ्कन तथा गुणस्तरको सुनिश्चितताका लागि कार्यक्रम सहितको डोजिमेट्री सेवाको व्यवस्था गर्नु पर्नेछ ।

(५) नियम २० बमोजिमको विकिरण प्रभाव क्षेत्रमा काम गर्ने विकिरण सम्बद्ध व्यक्तिको नियमित रूपमा निगरानी गर्नु पर्नेछ।

(६) इजाजतपत्रवालाले विकिरण सम्बद्ध महिला कर्मचारी गर्भवती भएमा निजलाई विकिरण संरक्षण अधिकारीको निगरानीमा आवश्यक सुरक्षा व्यवस्था सहित काममा लगाउनु पर्नेछ ।

(७) इजाजतपत्रवालाले अठार वर्ष भन्दा कम उमेरका कुनै पनि व्यक्तिलाई विकिरण संसर्ग हुने स्थानमा पेशाकर्मीको रूपमा नियम २० बमोजिमको विकिरण प्रभावित क्षेत्रमा काममा लगाउन पाइने छैन ।

तर नियम २० को उपनियम (१) को खण्ड (ख) बमोजिमको सुपरभाइज्ड क्षेत्रमा तालीमको लागि काममा लगाउन बाधा परेको मानिने छैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(८) विकिरण सम्बद्ध व्यक्तिले निर्धारित मात्राको अधिकतम सीमा भन्दा बढी विकिरण प्राप्त गरेको देखिएमा इजाजतपत्रवालाले निजलाई नियम २० बमोजिमको विकिरण प्रभाव क्षेत्रको कामबाट अलग गर्नु पर्नेछ ।

(९) इजाजतपत्रवालाले विकिरण सम्बद्ध व्यक्तिको सुरक्षाका लागि आवश्यकता अनुसार सुरक्षात्मक कपडा, प्रोटेक्टिभ ग्लोभ्स, एप्रोन, अर्गान सिल्ड, स्वास प्रश्वाससँग सम्बन्धित उपकरण लगायत अन्य उपकरणको व्यवस्था गर्नु पर्नेछ ।

(१०) इजाजतपत्रवालाले उपनियम (९) बमोजिमका उपकरणको उचित प्रयोग र आवधिकरूपमा क्यालिब्रेसन, परीक्षण र मर्मतको व्यवस्था गर्नु पर्नेछ ।

२३. **<u>हेल्थ सर्भिलेन्स:</u>** (१) इजाजतपत्रवालाले नियम २२ बमोजिम राखिएको अभिलेखको आधारमा कुनै व्यक्ति अधिक संसर्ग भए नभएको सम्बन्धमा भौतिक निगरानी (फिजिकल सर्भिलेन्स) गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिएको भौतिक निगरानीबाट विकिरण सम्बद्ध कर्मचारीमा अधिक संसर्ग भएको देखिएमा इजाजतपत्रवालाले त्यस्तो कर्मचारीलाई काममा नलगाई निजको सट्टा वैकल्पिक व्यवस्था गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम भौतिक निगरानी गर्दा कुनै विकिरण सम्बद्ध कर्मचारीमा देहाय बमोजिमको असामान्य संसर्ग भएको पाइएमा इजाजतपत्रवालाले विकिरण संरक्षण अधिकारीको सिफारिसमा त्यस्तो कर्मचारीको मान्यता प्राप्त चिकित्सकबाट अनुसूची-९ मा उल्लेख भएबमोजिम विशेष स्वास्थ्य जाँच गराउनु पर्नेछः-

(क) अनुसूची-७ मा उल्लिखित विकिरणको मात्राको अधिकतम सीमाको दुई गुणा वा वार्षिक मात्राको अधिकतम सीमा वा ईन्टेकको दुई गुणा मात्रा प्राप्त गरेमा,

(ख) विकिरण सम्बद्ध दुर्घटना परेमा।

## परिच्छेद -७

## <u>विपद् पूर्वतयारी तथा विपद् व्यवस्थापन योजना तथा कोष सम्बन्धी व्यवस्था</u>

२४. **<u>विपद् पूर्वतयारी तथा विपद् व्यवस्थापन योजना:</u>** (१) ऐनको दफा ३२ को उपदफा (२) बमोजिम इजाजतपत्रवालाले विकिरणसम्बद्ध विपद्को पूर्वतयारी तथा विपद् व्यवस्थापन योजना बनाउँदा देहायका विषय समावेश गर्नु पर्नेछः-

(क) विकिरणसम्बद्ध आपत्कालीन अवस्थालाई सामान्य अवस्थामा ल्याउने आवश्यक उपाय,

(ख) विकिरणसम्बद्ध आपत्कालीन परिस्थितिको कारण सर्वसाधारण तथा वातावरणमा पर्ने प्रतिकूल परिणामलाई रोक्ने तथा न्यूनीकरण गर्ने उपाय,



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग) सर्वसाधारणमा तत्काल उत्पन्न हुने तथा पछि देखा पर्नसक्ने प्रतिकूल स्वास्थ्य प्रभाव रोक्ने उपाय,

(घ) विकिरण प्रभावित पीडितको उपचारको व्यवस्था,

(ङ) सामाजिक तथा आर्थिक क्रियाकलापहरुलाई सामान्य अवस्थामा ल्याउन अवलम्बन गर्ने अन्य आवश्यक उपायहरू,

(च) नियमनकारी निकायले तोकेका अन्य कुरा ।

(२) उपनियम (१) बमोजिमको योजना तयार गर्दा नेपाल सरकारले ऐनको दफा ३२ को उपदफा (१) बमोजिम बनाएको विपद् पूर्वतयारी तथा विपद् व्यवस्थापन योजनालाई समेत आधार लिनु पर्नेछ ।

२५. **<u>क्षतिपूर्ति कोषः</u>** (१) नेपाल सरकारले ऐनको दफा ३२ को उपदफा (७) बमोजिम रेडियोधर्मी पदार्थको अभ्यास वा क्रियाकलापबाट हुने हानि नोक्सानीको क्षतिपूर्तिको लागि एक क्षतिपूर्ति कोष स्थापना गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्: -

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) नियम ५ को उपनियम (३) बमोजिम इजाजतपत्रको लागि लाग्ने दस्तुर तथा नियम ९ को उपनियम (२) बमोजिम इजाजतपत्रको नवीकरण दस्तुरको दश प्रतिशत बराबरको रकम।

(३) उपनियम (२) को खण्ड **(ग)** बमोजिम रकम प्राप्त गर्नु अघि नेपाल सरकार**,** अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम कोषमा रहने रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(५) कोषको खाता सञ्चालन नियमनकारी निकायको प्रशासकीय प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(६) उपनियम (२) बमोजिम कोषमा रहने रकम ऐनको दफा ३२ को उपदफा (७) बमोजिम अभ्यास वा क्रियाकलापबाट हुने हानि नोक्सानी समेतको क्षतिपूर्तिको कार्यमा खर्च गरिनेछ ।

२६. **<u>कोषको लेखा परीक्षणः</u>** (१) कोषको आय-व्ययको लेखा नेपाल सरकारको स्वीकृत ढाँचा बमोजिम राखिनेछ।

(२) कोषको आन्तरिक लेखापरीक्षण प्रचलित सङ्घीय कानूनबमोजिम हुनेछ।

(३) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

२७. **<u>हानि नोक्सानी तथा क्षतिपूर्तिको मूल्याङ्कन:</u>** (१) रेडियोधर्मी स्रोत वा पदार्थको अभ्यास, क्रियाकलाप तथा संयन्त्रको सञ्चालनबाट कुनै व्यक्तिलाई प्रतिकूल असर परेमा त्यस्तो व्यक्तिले नियमनकारी निकायसमक्ष क्षतिपूर्ति माग गरी निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदनउपर नियमनकारी निकायले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञसमेतको सेवा लिई जाँचबुझ गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा वा अन्य माध्यमबाट विकिरणजन्य रेडियोधर्मी पदार्थ वा स्रोतको अभ्यास, क्रियाकलाप वा संयन्त्र सञ्चालनबाट कुनै व्यक्तिलाई हानि नोक्सानी भएको भन्ने जानकारी प्राप्त हुन आएमा नियमनकारी निकायले त्यस्तो हानि नोक्सानी सम्बन्धमा जाँचबुझ गरी क्षतिको मूल्याङ्कन गराउन सक्नेछ।

(४) उपनियम (३) बमोजिमको जाँचबुझ तथा क्षतिको मूल्याङ्कन गर्नको लागि नियमनकारी निकायले पारमाणविक अनुसन्धान केन्द्र वा अन्य उपयुक्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थामार्फत अनुसन्धान गराई प्रतिवेदन प्राप्त गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम प्रतिवेदन तयार गर्दा देहायका आधारमा क्षतिपूर्ति रकम निर्धारण गरी नियमनकारी निकाय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक क्षति र त्यसको गाम्भिर्यता,

(ख) उपचार हुन सक्ने प्रकृतिको क्षति भएमा उपचार गराउन लाग्ने अनुमानित खर्च,

(ग) शारीरिक क्षति वा चोटपटकको कारण व्यक्तिको आय आर्जन गर्ने क्षमतामा हुन गएको ह्रास,

(घ) पीडितको मृत्यु भएकोमा आश्रित परिवारका सदस्यको सङ्ख्या र निजको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च।

(ङ) पीडितको तर्फबाट दावी गरिएका उचित र उपयुक्त देखिएका अन्य कुरा।

(६) उपनियम (३) बमोजिम जाँचबुझ गराउँदा वा उपनियम (४) बमोजिमको मूल्याङ्कन प्रतिवेदनबमोजिम इजाजतपत्रवालाको कारण पीडितलाई क्षति पुगेको देखिएमा नियमनकारी निकायले क्षतिपूर्तिको रकम यकिन गरी त्यस्तो क्षतिपूर्तिको रकम पीडित व्यक्तिलाई बुझाउन निर्देशन दिनेछ।

(७) उपनियम (६) बमोजिम नियमनकारी निकायबाट क्षतिपूर्तिको रकम बुझाउने निर्देशन प्राप्त भएमा इजाजतपत्रवालाले त्यस्तो निर्देशनबमोजिम पीडितलाई क्षतिपूर्तिको रकम बुझाउनु पर्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(८) नियमनकारी निकायले उपनियम (३) बमोजिम जाँचबुझ गराउँदा वा उपनियम (४) बमोजिम प्राप्त मूल्याङ्कन प्रतिवेदन अध्ययन गर्दा इजाजतपत्रवालाको कारण क्षति नभएको पाइएमा सोही व्यहोराको निर्णय गरी निवेदकलाई जानकारी दिनु पर्नेछ।

## परिच्छेद -८

## <u>रेडियोधर्मी पदार्थको ढुवानी सम्बन्धी व्यवस्था</u>

२८. **<u>रेडियोधर्मी पदार्थको ढुवानी:</u>** (१) इजाजतपत्रवालाले रेडियोधर्मी पदार्थको ढुवानी गर्नुपूर्व ढुवानी गर्ने रेडियोधर्मी पदार्थ वा रेडियो न्यूक्लाइडको नाम, एक्टिभिटी नम्बर, भौतिक तथा रासायनिक प्रकार र गुण, प्याकेज निर्माण गर्दा अपनाइएको परीक्षण विधि र सोको आधिकारिकता, औद्योगिक वा अन्य प्रयोग, उत्पादन गर्ने कम्पनीको नाम, उत्पादन मिति, विभिन्न स्थानमा लोड अनलोड हुने समय तालिका र ढुवानीको साधन उल्लेख गरी नियमनकारी निकायबाट स्वीकृति लिएर मात्र ढुवानी गर्नु पर्नेछ।

(२) इजाजतपत्रवालाले ढुवानी गरिने रेडियोधर्मी पदार्थको प्याकेजमा पदार्थको प्रकृति, परिमाण र सघनता उल्लेख गर्नु पर्नेछ।

(३) रेडियोधर्मी पदार्थको प्याकेजको बाहिरी सतहमा रहने अधिकतम विकिरणको मात्रा, प्याकेजको रङ्ग र अन्य आवश्यक विवरण अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सीले निर्धारण गरे बमोजिम हुनेछ।

(४) अनुसूची-६ मा उल्लिखित ज्यादै उच्च एक्टिभिटी वा उच्च एक्टिभिटी भएका रेडियोधर्मी पदार्थको ढुवानी गर्दा बन्द कन्टेनरमा गर्नु पर्नेछ ।

(५) रेडियोधर्मी पदार्थको हवाई यातायात मार्फत ढुवानी गर्दा इजाजतपत्रवालाले नेपाल नागरिक उड्डयन प्राधिकरण तथा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनले निर्धारण गरे बमोजिमको सुरक्षा सम्बन्धी प्रावधानको पालना गर्नु पर्नेछ ।

२९. **<u>ढुवानी सम्बन्धी कार्यमा इजाजतपत्रवालाको दायित्व</u> :** इजाजतपत्रवालाले रेडियोधर्मी पदार्थको ढुवानी गर्दा देहाय बमोजिमको दायित्व निर्वाह गर्नु पर्नेछः-

(क) ढुवानी गर्दा हुन सक्ने टुटफुट, चोरी, ढिलाई जस्ता गतिविधिको सम्बन्धमा सतर्कता अपनाउने,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पोर्टमा रेडियोधर्मी पदार्थको सुरक्षाको प्रबन्ध गर्ने,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग) ढुवानी गरिने रेडियोधर्मी पदार्थको आधिकारिक व्यक्तिलाई मात्र हस्तान्तरण गर्ने,

(घ) ढुवानी गर्ने साधनको लक र सिलबन्दी भएको सुनिश्चितता गर्ने,

(ङ) ढुवानी प्रक्रियामा संलग्न व्यक्तिलाई निजको जिम्मेवारीको सम्बन्धमा जानकारी गराई परिचयपत्रको व्यवस्था गर्ने,

(च) ढुवानी सम्बन्धी विवरणको गोपनीयता कायम गर्ने,

(छ) सुरक्षासँग सम्बन्धित चुनौती तथा घटनाको समयमै रिपोर्टिङ गर्न प्रभावकारी सञ्चार उपकरणको व्यवस्था गर्ने।

परिच्छेद -९

## <u>रेडियोधर्मी फोहोरमैलाको व्यवस्थापन वा विसर्जनसम्बन्धी व्यवस्था</u>

३०. **रेडियोधर्मी फोहोरमैलाको वर्गीकरण:** रेडियोधर्मी फोहोरमैलामा रहेको रेडियोन्यूक्लाईड्स विसर्जन गर्नुपर्ने अवस्था भएमा विकिरणको मात्रा, एक्टिभिटी, हाफ लाईफ एवं कन्सन्ट्रेसनसमेतको आधारमा रेडियोधर्मी फोहोरमैलालाई देहायबमोजिम वर्गीकरण गरिनेछः-

(क) नियमन गर्नु नपर्ने रेडियोधर्मी फोहोरमैला: ऐनको दफा २८ को उपदफा (४) तथा नियम १७ को उपनियम (२) बमोजिम नियमन गर्नु नपर्ने रेडियोधर्मी पदार्थ रहेको फोहोरमैला ।

(ख) वातावरण वा जनस्वास्थ्यमा प्रतिकूल असर नहुने रेडियोधर्मी फोहोरमैला: एकसय दिन भन्दा कम हाफलाईफ भई विकिरणको प्रभाव प्रति वर्ष दश माईक्रोसिभर्ट वा सो भन्दा कम भई वातावरण वा जनस्वास्थ्यमा प्रतिकूल असर नहुने रेडियोधर्मी पदार्थ रहेको फोहोरमैला।

(ग) ज्यादै छोटो हाफलाईफ हुने रेडियोधर्मी फोहोरमैला: औद्योगिक एवं चिकित्सकीय प्रयोगमा आउने एकसय दिनभन्दा कम हाफलाईफ भएको रेडियोधर्मी फोहोरमैला ईराडियम, टेक्निसियम जस्ता रेडियोन्यूक्लाईड्स रहेका फोहोरमैला ।

(घ) ज्यादै कम स्तरको रेडियोधर्मी फोहोरमैला: एकतिस वर्षभन्दा बढी हाफ लाईफ भएका प्राकृतिक रूपमा पाईने रेडियोधर्मी खनिजको उत्खनन वा प्रोसेसिङ्ग गर्दा निस्कने फोहोरमैला।

(ङ) न्यून स्तरको रेडियोधर्मी फोहोरमैला: एकसय दिन भन्दा बढी एकतिस वर्षसम्म हाफ लाईफ भएका दुई मिलिसिभर्ट प्रति घण्टासम्म विकिरणको प्रभाव हुने रेडियोन्यूक्लाईड्स रहेको फोहोरमैला ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(च) <u>मध्यम स्तरको रेडियोधर्मी फोहोरमैला</u>: एकतिस वर्ष भन्दा बढी हाफलाईफ भएको विकिरणको प्रभाव दुई मिलिसिभर्ट प्रतिघण्टा भन्दा बढी हुने रेडियोन्यूक्लाईड्स रहेको फोहोरमैला ।

(छ) <u>उच्च स्तर तथा लामो लाईफ भएका रेडियोधर्मी फोहोरमैला:</u> छोटो हाफ लाईफ भई एकसय दिनदेखि एकतिस वर्षसम्म विकिरणको प्रभाव भएका चारसय बेक्युरेल प्रति ग्रामभन्दा बढी हुने रेडियोन्यूक्लाइड्स रहेको फोहोरमैला।

३१. **<u>रेडियोधर्मी फोहोरमैलाको विसर्जन:</u>** नियम ३० बमोजिम गरिएको वर्गीकरणका आधारमा रेडियोधर्मी फोहोरमैलाको विसर्जन देहाय बमोजिम गर्नु पर्नेछः-

(क) नियम ३० को खण्ड (क) र (ख) मा उल्लिखित फोहोरमैलालाई सामान्य फोहोरमैला सरह विसर्जन गर्ने,

(ख) नियम ३० को खण्ड (ग) मा उल्लिखित रेडियोधर्मी फोहोरमैलालाई संसर्गको तह दश माईक्रोसिभर्ट प्रति वर्ष नहुँदासम्म सुरक्षित स्थानमा भण्डारण गरी नियमनकारी निकायले तोकेको ल्याण्ड फिल्ड साईटमा विसर्जन गर्ने,

(ग) नियम ३० को खण्ड (घ) मा उल्लिखित रेडियोधर्मी फोहोरमैलालाई जमिनको सतहमा नियमनकारी निकायले निर्धारण गरेको मापदण्ड बमोजिमको ईञ्जिनियरिङ्ग संरचना निर्माण गरी विसर्जन गर्ने,

(घ) नियम ३० को खण्ड (ङ) मा उल्लिखित फोहोरमैलालाई नियमनकारी निकायले निर्धारण गरेको मापदण्ड बमोजिम छुट्टै सुरक्षित स्थानमा भण्डारण गरी जमिनमुनिको उपयुक्त स्थानमा विसर्जन गर्ने,

(ङ) नियम ३० को खण्ड (च) र (छ) मा उल्लिखित रेडियोधर्मी फोहोरमैलालाई नियमनकारी निकायले निर्धारण गरेको मापदण्ड बमोजिम विकिरण चुहावट हुन नसक्ने भौगर्भिक बनावट भएको स्थानमा ईञ्जिनियरिङ्ग संरचना निर्माण गरी विसर्जन गर्ने ।

३२. **<u>रेडियोधर्मी फोहोरमैला व्यवस्थापनमा इजाजतपत्रवालाको दायित्व:</u>** (१) इजाजतपत्रवालाले रेडियोधर्मी फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त प्रविधिको प्रयोग गरी देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछः-

(क) नियम ३० बमोजिम रेडियोधर्मी फोहोरमैला वर्गीकरण गरी ट्रिटमेन्ट, भण्डारण र विसर्जन गर्ने,

(ख) रेडियोधर्मी फोहोरमैला वा प्रयोग नहुने सिल्ड विसर्जन नगरी लामो अवधिसम्म नराख्ने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग) रेडियोधर्मी स्रोतसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र सञ्चालन गर्दा न्यूनतम परिमाणमा फोहोरमैला तथा एक्टिभिटी हुने गरी गर्ने,

(घ) नियमकारी निकायबाट इजाजतपत्र लिएर मात्र रेडियोधर्मी फोहोरमैला वा प्रयोग नहुने सिल्ड स्रोतको पुनः प्रयोग गर्ने,

(ङ) तरल तथा ग्याँस अवस्थामा रहेको रेडियोधर्मी फोहोरमैला भए त्यस्ता फोहोरमैलाबाट रेडियोलोजिकल, रासायनिक तथा जैविक दुर्घटना हुनबाट रोक्नका लागि आवश्यक प्रशोधन गरी ठोस स्वरूपमा परिवर्तन गर्नुपर्ने।

(२) इजाजतपत्रवालाले आयात गरेको अनुसूची-६ मा उल्लिखित ज्यादै उच्च, उच्च र मध्यम एक्टिभिटी हुने रेडियोधर्मी पदार्थ वा स्रोतको प्रयोग पश्चात रेडियोधर्मी फोहोरमैलाको व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद -१०

## <u>विविध</u>

३३. **<u>सार्वजनिक गर्नुपर्ने:</u>** नियमनकारी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो आर्थिक वर्षमा इजाजतपत्रको नवीकरण, निलम्बन र खारेज भएका संस्थाको नामनामेसी, इजाजतपत्र परित्यागको स्वीकृति तथा इजाजतपत्रको संशोधन सम्बन्धी विवरण नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक गर्नु पर्नेछ।

३४. **<u>प्रतिवेदन स्वीकृत गराउनु पर्ने</u>**: (१) ऐनको दफा ४३ बमोजिमको प्रतिवेदन नियमनकारी निकायले मन्त्रालयको सहमति लिई एजेन्सीमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा कुनै कुरा उल्लेख गर्नुपर्ने गरी एजेन्सीले तोकेको भए सोसमेत समावेश गर्नु पर्नेछ ।

(३) प्रतिवेदनमा समावेश हुनुपर्ने विषय मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ।

३५. **<u>एजेन्सीबाट प्राप्त सहयोग तथा सहायता कार्यान्वयन:</u>** (१) ऐनको दफा ४६ को उपदफा (३) बमोजिम एजेन्सीबाट प्राप्त हुने सहयोग र सहायता कार्यान्वयन गर्न मन्त्रालयले एक सम्पर्क व्यक्ति र सहायक व्यक्ति तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको सम्पर्क व्यक्तिले एजेन्सीबाट प्राप्त हुने सहयोग र सहायता कार्यान्वयन गर्न सहयोगको क्षेत्रसँग सम्बन्धित नेपाल सरकारको मन्त्रालय वा निकायमा सम्पर्क व्यक्ति तोक्नको लागि लेखी पठाउनेछ ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा सम्बन्धित मन्त्रालय वा निकायले प्रमुख, सहायक प्रमुख तथा सहभागी हुने व्यक्ति तोकी उपनियम (१) बमोजिमको सम्पर्क व्यक्तिलाई जानकारी दिनु पर्नेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) उपनियम (१) बमोजिमको सम्पर्क व्यक्तिले एजेन्सीसँग समन्वय र सम्पर्क गर्नेछ।

३६. **<u>गोपनीयता कायम गर्ने</u>:** नियमनकारी निकायले इजाजतपत्रवालाको रेडियोधर्मी स्रोतको निकासी, पैठारी र सञ्चय सम्बन्धी सूचनाको गोपनीयता राख्नु पर्नेछ।

३७. **<u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:</u>** मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**अनुसूची -१**

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

<u>रेडियोधर्मी स्रोत र सोसँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र सञ्चालनको लागि दिने</u>

**<u>निवेदनको ढाँचा</u>**

मिति: ....................

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

.......................नियमनकारी निकाय, ........... ।

.................प्रदेश..............जिल्ला..............................नगरपालिका/गाउँपालिका.............वडा नं...........मा .............................उद्देश्य रहेको..................................................................नामको संस्थामा तपसिलमा उल्लिखित रेडियोधर्मी स्रोत/पदार्थ/संयन्त्र/क्रियाकलाप/अभ्यासको मानव हित र शान्तिपूर्ण प्रयोजनको लागि सो सम्बन्धी सेवा सञ्चालन गर्न इच्छुक भएको हुँदा देहायबमोजिमको विवरण र कागजात सहित इजाजतपत्रको लागि निवेदन गरेको छु/छौं ।

<u>तपसिल</u>

१. रेडियोधर्मी पदार्थ/स्रोत/संयन्त्र/ अभ्यास/ क्रियाकलापको नाम: ....................

२. निकासी गर्ने मुलुक: ..........................................................................

३. उत्पादन मिति, एक्टिभिटी, परिमाण: ..................................

४. नेपालमा आयात गर्ने कम्पनी तथा प्राप्त हुने समयावधि: ................................

५. स्थापना गर्ने स्थान: ........................................

६. सेवाको विवरण: ...........................................................

७. अन्य :......................................................................

निवेदकको हस्ताक्षर:...............................

निवेदकको नाम, थर :.......................

नागरिकता प्रमाणपत्र नम्बर :......................,

जारी मिति :......................,

जिल्ला :..............................

संस्थाको नाम:.................................

संस्था दर्ताको प्रमाणपत्र नं :...................

निवेदकको ठेगाना:

प्रदेश :.........................,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

जिल्ला :………………,
गाउँपालिका/नगरपालिका :………………..,
वडा नं:…………..
टोल/मार्ग :………………………………,
घर नम्बर:…………………………..
सम्पर्क फोन नम्बर:………………………
फ्याक्स नम्बर :…………………
ईमेल:………………………………………………
सम्पर्क व्यक्ति/विकिरण संरक्षण अधिकारीको विवरण:……………………………………………

**<u>संलग्न कागजातहरु:</u>**

१. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२. संस्था दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र,
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. साझेदारी फर्म भएमा साझेदारी कबुलियतनामा,
५. रेडियोधर्मी स्रोत/संयन्त्र/ अभ्यास/क्रियाकलाप सम्बन्धी विस्तृत कार्ययोजना,
६. स्रोतको संरक्षण तथा प्रयोगको जिम्मेवार व्यक्ति/ विकिरण संरक्षण अधिकारीको विवरण,
७. अन्य निकायको सहमति (आवश्यक भएमा),
८. नियमनकारी निकायले तोकेको अन्य कागजातहरू,
९. आपतकालीन विपद् योजना,
१०. विकिरण सर्वेक्षण उपकरण र व्यक्तिगत निगरानी उपकरणको विवरण ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची -२

(नियम ५ को उपनियम (३) र नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

**इजाजतपत्र दस्तुर तथा नवीकरण दस्तुर**

| सि.नं. | सेवा | इजाजतपत्र दस्तुर (रु.) | नवीकरण दस्तुर (रु.) | धरौटी (रु.) | कोषमा जम्मा गर्नु पर्ने दस्तुर |
|---|---|---|---|---|---|
| १ | रेडियो थेरापी (कोबाल्ट ६०, प्रोटोन, कार्बन, न्यूट्रोन, गामा नाईफ), ब्लड ईराडियटर (सिजियम १३७), फुड ईराडियटर (कोबाल्ट ६०) | २,५०,०००।- | १,२५,०००।- | ५,००,०००।- | इजाजतपत्र वा नवीकरण दस्तुरको १० प्रतिशत |
| २ | रेडियो थेरापी (हाईडोज रेट ब्राकिथेरापी,लिनियर एक्सलेरेटर, साईबर नाईफ, आयोडिन थेरापी) ईन्ड्रस्ट्रियल रेडियोग्राफी, न्यूक्लियर मेडिसिन (पेट सिटी, पेट एम.आर.आई), साईक्लोट्रोन,औद्योगिक रेडियोग्राफी (रेडियोधर्मी पदार्थ) | १,००,०००।- | ५०,०००।- | २,००,०००।- | |
| ३ | डायगोनोष्टिक रेडियोलोजी (कम्प्युटेट टोमोग्राफी, फ्लोरोस्कोपी, मेमोग्राम,) रेडियोथेरापी (कम्प्युटेट टोमोग्राफी सिम्युलेटर), न्यूक्लियर मेडिसिन (गामा क्यामेरा) | ५०,०००।- | २५,०००।- | १,००,०००।- | |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | निदानको लागि प्रयोग हुने एक्स रे, ईन्डष्ट्रियल एक्स रे, डेण्टल एक्स रे, बोन डेन्सिटोमेट्री, डोजीमेट्री | | १०,०००।- | ५,०००।- | २०,०००।- | |
| ५ | अध्ययन तथा अनुसन्धान (क्याटेगोरी ४ र ५ का रेडियोधर्मी पदार्थ प्रयोग हुने) | | ५,०००।- | २,५००।- | १०,०००।- | |
| ६ | रेडियोधर्मी पदार्थ ढुवानी सेवा | समूह क, ख र ग | २०,०००।- | १०,०००।- | ४०,०००।- | |
| | | समूह घ र ङ | २,०००।- | १,०००।- | ४,०००।- | |
| ७ | विकिरणको स्रोतको आयात | | २०,०००।- | १०,०००।- | ४०,०००।- | |
| ८ | रेडियोधर्मी फोहोरमैलाको विर्सजन | अति उच्च स्तरको संरक्षण तह, उच्च स्तरको संरक्षण तह, मध्यम स्तरको | ५०,०००।- | २५,०००।- | १,००,०००।- | |
| | | सामान्य स्तर | ५,०००।- | २,५००।- | १०,०००।- | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची -३

(नियम ५ को उपनियम (४) सँग सम्बन्धित)

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

.................................. नियमनकारी निकाय

**<u>इजाजतपत्र</u>**

इजाजतपत्र सङ्ख्या :-

रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा ११ को उपदफा (१) बमोजिम .................प्रदेश......................... जिल्ला.................. नगरपालिका/गाउँपालिका............ वडा नं मा अवस्थित श्री........................................ संस्थालाई देहाय बमोजिमको रेडियोधर्मी स्रोत र सो सँग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र सञ्चालन गर्न पाउने गरी यो इजाजतपत्र प्रदान गरिएको छ ।

रेडियोधर्मी पदार्थ/स्रोत/संयन्त्र/अभ्यास/क्रियाकलाप वा संयन्त्र सञ्चालनका लागि इजाजतको विवरण:

१. नाम:...............................................................

२. निकासी गर्ने मुलुक :..........................................................................

३. उत्पादन मिति, एक्टिभिटी र परिमाण :.................................................................

४. वर्ग:..................................................................

सही:.....................................

नाम :....................................

दर्जा :........................................

मिति :.....................................



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

इजाजतपत्र नवीकरण:

| क्र.सं. | नवीकरण मिति | बहाल मिति | नवीकरण गर्ने अधिकृतको सही र मिति | कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सही:................................

नाम ................................

दर्जा :.............................

मिति :.................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**<u>द्रष्टव्य :</u>**

१. यो इजाजतपत्रको म्याद समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै आवश्यक शुल्कसहित नवीकरणको लागि निवेदन दिनु पर्नेछ ।

२. इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरु:

## अनुसूची -४

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

## इजाजतपत्र परित्यागको लागि दिने  निवेदनको ढाँचा

मितिः .......................

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
.............. नियमनकारी निकाय, ..............।

महोदय,

.................प्रदेश..............जिल्ला.................................नगरपालिका/गाउँपालिका............वडा नं मा ......................................................उद्देश्य रही.................................................................. नामको संस्थामा तपसिलमा उल्लेखित रेडियोधर्मी स्रोत/पदार्थ/संयन्त्र/ क्रियाकलाप /अभ्यास सञ्चालन गर्दै आएकोमा देहाय बमोजिमको कारण र विवरण तथा कागजात सहित इजाजतपत्र परित्यागको लागि निवेदन गरेको छु/गरेका छौं ।

**<u>तपसिल</u>**

रेडियोधर्मी पदार्थ/स्रोत/संयन्त्र/ अभ्यास/ क्रियाकलापको:

१. नामः............................................................
२. निकासी मुलुकः.............................................................................
३. उत्पादन मिति, एक्टिभिटी परिमाणः.....................................
४. नेपालमा आयात भएको कम्पनी तथा प्राप्त मितिः...........................................
५. स्थापना भएको स्थान :.............................................................................................
६. सेवाको विवरणः..........................................................................................................

इजाजतपत्र परित्यागको

१. कारण............................................................
२. रेडियोधर्मी पदार्थको परिमाण र एक्टिभिटीः........................................................
३. रेडियोधर्मी पदार्थको विसर्जन गरे, नगरेको/ गरेको भएको सोको विवरणः...............
४. विकिरण क्षेत्रमा काम गरेका कर्मचारीको नाम, ठेगाना र एक्पोजरको अद्यावधिक विवरणः...........................................................................
५. परित्यागबाट पर्ने प्रभावः.........................................................................
६. अन्य :.........................................................................................

निवेदकको हस्ताक्षर :................................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

निवेदकको नाम, थर :........................

नागरिकता प्रमाणपत्र नम्बर :.........., जारी मिति :....................., जिल्ला :......................

संस्थाको नाम :......................................

संस्था दर्ताको प्रमाणपत्र नं :......................

निवेदकको ठेगाना :

प्रदेश :............., जिल्ला :...............गाउँपालिका/नगरपालिका :..................., वडा नं:......

टोल/मार्ग :...................................., घर नम्बर :...............................

सम्पर्क फोन नम्बर :...........................

फ्याक्स नम्बर :.................... ईमेल :.....................................................

सम्पर्क व्यक्ति/विकिरण संरक्षण अधिकारीको विवरण :................................................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**अनुसूची -५**

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

**<u>इजाजतपत्र नवीकरणको लागि दिने निवेदनको ढाँचा</u>**

मितिः......................

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
..............नियमनकारी निकाय,................. ।

महोदय,

.................प्रदेश..............जिल्ला................................नगरपालिका/गाउँपालिका............वडा नं मा ....................................................उद्देश्य रहेको...............................................................नामको संस्थामा तपसिलमा उल्लेखित रेडियोधर्मी स्रोत/पदार्थ/संयन्त्र/क्रियाकलाप /अभ्यास इजाजतपत्र लिई सञ्चालनमा रहेको र इजाजतपत्रको अवधि समाप्त भएकोले सोको नवीकरणका लागि देहायबमोजिमको विवरण र कागजातसहित निवेदन गरेको छु/गरेका छौं। निवेदनमा उल्लेख भएको व्यहोरा साँचो हो। झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

**<u>तपसिल</u>**

रेडियोधर्मी पदार्थ/स्रोत/संयन्त्र/ अभ्यास/ क्रियाकलाप थपघट भएकोमा सो को:

१. नामः..........................................................
२. निकासी गर्ने मुलुकः......................................................................
३. उत्पादन मिति, एक्टिभिटी, परिमाण :......................................................
४. नेपालमा आयात गर्ने कम्पनी तथा प्राप्त हुने समयावधिः .....................................
५. स्थापना गर्ने स्थान :.........................................................................................
६. सेवाको विवरणः....................................................................................................
७. अन्य :...........................................................................................

निवेदकको हस्ताक्षर :................................
निवेदकको नाम, थर :..........................
नागरिकता प्रमाणपत्र नम्बरः......................,
जारी मिति :......................, जिल्ला :..................
संस्थाको नाम :.........................................
संस्था दर्ताको प्रमाणपत्र नं :.........................
निवेदकको ठेगाना : ............................
प्रदेश :.........................,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

जिल्ला :....................,
गाउँपालिका/नगरपालिका :..........., वडा नं:........
टोल/मार्ग :................................., घर नम्बर :...............................
सम्पर्क फोन नम्बर :..........................
फ्याक्स नम्बर :................... ईमेल :....................................................
सम्पर्क व्यक्ति/विकिरण संरक्षण अधिकारीको विवरण :..................................................

**<u>संलग्न कागजातहरु :</u>**

१. विकिरण क्षेत्रमा काम गर्ने कर्मचारीको एक्पोजरको अद्यावधिक विवरण,
२. विकिरण सुरक्षा विश्लेषण प्रतिवेदन,
३. रेडियोधर्मी स्रोतको अद्यावधिक विवरण,
४. विकिरण उपकरणको क्यालिब्रेसन प्रतिवेदन,
५. नियमनकारी निकायले माग गरेबमोजिमका अन्य विवरण ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची -६

(नियम १३ को उपनियम (२), नियम २८ को उपनियम (४) र नियम ३२ को उपनियम (२) सँग सम्बन्धित)

**<u>रेडियोधर्मी स्रोत वा पदार्थको वर्गीकरण</u>**

| वर्ग | रेडियोधर्मी पदार्थको ($A/D^{(b)(c)}$) |
|---|---|
| क.ज्यादै उच्च एक्टिभिटी भएका | A/D ≥ 1000 |
| ख.उच्च एक्टिभिटी भएका | 1000>A/D≥10 |
| ग.मध्यम एक्टिभिटी भएका | 10>A/D≥1 |
| घ.न्यून एक्टिभिटी भएका | 1>A/D≥0.01 |
| ङ.ज्यादै न्यून एक्टिभिटी भएका | 0.01>A/D and A > Exempt |

**<u>द्रष्टव्य</u>** : ए (A) भनेको रेडियोन्यूक्लाइडको एक्टिभिटी र डि (D) भनेको रेडियोन्यूक्लाइडको डेन्जर मान हो। डि (D) मान अन्तरार्ष्ट्रिय आणविक उर्जा एजेन्सीले तोकेबमोजिम हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**अनुसूची - ७**

(नियम १८, नियम २० को उपनियम (१) को खण्ड (क) र (ख) र नियम २३ को उपनियम (३) को खण्ड (क) सँग सम्बन्धित)

**रेडियोधर्मी स्रोत र सोसँग सम्बन्धित अभ्यासबाट हुने एक्सपोजरहरुको लागि वार्षिक मात्रा सीमा**

| | |
|---|---|
| रेडियसन वर्कर्सको लागि | २० मिलि सिभर्ट |
| प्रशिक्षार्थी/विद्यार्थीको लागि | ६ मिलि सिभर्ट |
| सर्वसाधारणको लागि | १ मिलि सिभर्ट |

**द्रष्टव्य**: कुनै एक वर्षको ईफेक्टिभ डोज 50mSv नबढ्ने गरी लगातार पाँच वर्षको जम्मा १०० मिलि सिभर्टसम्म ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**अनुसूची -८**

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

**विकिरण सुरक्षा अधिकारीको योग्यता र तालीम**

| सि.नं. | सेवाको प्रकार | योग्यता |
|---|---|---|
| १ | रेडियो थेरापी, डायगोनोष्टिक रेडियोलोजी, | मेडिकल फिजिक्स विषयमा स्नाकोत्तर वा भौतिकशास्त्रमा स्नातकोत्तर गरी विकिरण सुरक्षा सम्बन्धी कम्तीमा छ महिना तालीम प्राप्त |
| २ | डायगोनोष्टिक रेडियोलोजी (साधारण एक्स रे सेवा मात्र) | रेडियोग्राफी वा रेडियोलोजिकल टेक्नोलोजी विषयमा कम्तीमा स्नातक गरेको |
| ३ | न्यूक्लियर मेडिसिन | मेडिकल फिजिक्स विषयमा स्नाकोत्तर वा न्यूक्लियर मेडिसिन वा भौतिकशास्त्र वा रसायन शास्त्रमा स्नाकोत्तर गरी विकिरण सुरक्षा सम्बन्धी कम्तीमा ६ महिना तालीम प्राप्त |
| ४ | औद्योगिक प्रयोजन | भौतिकशास्त्र वा रसायनशास्त्र वा ईञ्जिनियरिङ्ग विषयमा स्नातक गरी विकिरण सुरक्षा सम्बन्धी कम्तीमा ३ महिना तालीम प्राप्त |
| ५ | अन्य | विज्ञान वा ईञ्जिनियरिङ्ग विषयमा स्नातक गरी विकिरण सुरक्षा सम्बन्धी कम्तीमा ३ महिना तालीम प्राप्त |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची -९

(नियम २३ को उपनियम (३) सँग सम्बन्धित)

**<u>हेल्थ सर्भिलेन्सका लागि मेडिकल जाँच</u>**

१. सामान्य जाँच

(क)रगत सिपि (हेमोग्लोविन, ईएसआर, टिएलसी, डिएलसि, आरविसि र डब्लुविसि)

(ख)पिसाब जाँच

(ग) छातीको एक्स रे

२. औद्योगिक रेडियोग्राफी जस्ता उच्च मात्रा हुन सक्ने ठाउँमा काम गर्ने विकिरण सम्बद्ध कर्मचारीको लागि देहायका जाँच गर्नु पर्नेछः-

| **रगत जाँच** | **पिसाब जाँच** |
| --- | --- |
| (क)कलटिङ्ग प्रोफाईल | (क)नियमित जाँच |
| (ख)प्लटेलेट काउन्ट | (ख) रेनल फङ्सन टेस्ट |
| (ग) एचएलए टाईपिङ्ग | |
| (घ) सेरम ईलेक्ट्रोलाईट्स सोडियम पोटासियम ईत्यादी | |
| (ङ) सेरम प्रोटिन | |
| (च) सेरम यूरिया/क्रेटिनाईन | |

३. सुई वा मुख वा अन्य माध्यमबाट शरीरभित्र रेडियोधर्मी पदार्थको प्रवेश भई एक्सपोजर हुने अवस्थामा रगत र पिसाब जाँचका अतिरिक्त देहायका जाँच गर्नु पर्नेछः-

(क) फेकल जाँच (रेडियोन्यूक्लियाईड्सको लागि नियमित र वायोएस्से)

(ख) रेडियोन्यूक्लियाड्सको लागि पिसाबको वायोएस्से

(ग) रेडियोन्यूक्लियाड्स पत्ता लगाउन पसिना, सालिभाको जाँच

(घ) थाईराइड फङ्सन जाँच

(ङ) थाईराइड स्क्यान

४. माथिका जाँचहरू गर्दा असामान्य अवस्था देखिएमा निम्न जाँच गर्नु पर्नेछः-

(क) वोन स्क्यानिङ्ग

(ख) सेरम ईलेक्ट्रोफोटोसिस

(ग) रगतको साईटोजेनेटिक विश्लेषण र रगत र पिसाबमा रेडियोन्यूक्लियाड्स पत्ता लगाउने जाँच

(घ) उपचारक फिजिसियनले आवश्यक देखेको अन्य जाँच ।

आज्ञाले,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय